# प्रेस विज्ञप्ति

## विराटनगरमा २० जना पत्रकार, भ्लगर, ब्लगर, सूचना सामग्री निर्माता र युवाहरूलाई गलत-भ्रामक सूचनाबारे बुझ्न र त्यस विरुद्ध लड्न प्रशिक्षण प्रदान।

विराटनगर, ६ साउन २०८०: पत्रकार, ब्लगर, भ्लगर, सूचना सामग्री निर्माता र युवा सहित २० जना सहभागीहरूको समूह हालसालै विराटनगरमा आयोजित "गलत-भ्रामक सूचना सम्बन्धी बुझाइ र यस विरुद्धको लडाईं" विषयक दुई दिवसीय प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यशालाका लागि भेला भए। उक्त कार्यशाला युथ इन्नोभेसन ल्याबद्वारा नेपालस्थित अमेरिकी दूतावाससँगको सहकार्यमा आयोजना गरिएको हो। आजको डिजिटल युगमा गलत-भ्रामक सूचनाबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन गर्न सहभागीहरूलाई आवश्यक सीप र ज्ञान प्रदान गर्नु कार्यशालाको रहेको उद्देश्य थियो।

कार्यशालाका सहभागीहरूलाई नेपालका पत्रकारहरूको क्षेत्रगत विज्ञ समूहद्वारा तयार पारिएको अन्तरक्रियात्मक ई—लर्निङ पोर्टल "शिक्षा डट ओआरजी" shikshya.org का बारेमा जानकारी प्रदान गरिएको थियो। यो वृहत् अनलाइन पाठ्यक्रमले गलत-भ्रामक सूचनाको बढ्दो चुनौती बुझ्न र त्यसलाई सम्बोधन गर्न चाहने व्यक्तिहरूलाई व्यावहारिक मार्गदर्शन प्रदान गर्दछ। कार्यशालाका क्रममा सहभागीहरूले गलत-भ्रामक सूचनाको वृद्धिका कारण सूचना सामग्री निर्माताहरूले सामना गर्नुपरेका वास्तविक जीवनका चुनौतीहरूबारे छलफल गर्नुका साथै अभ्यास (व्यावहारिक) र अनलाइन सिकाइ विधि सम्बन्धी दुवै सत्रमा भाग लिएका थिए।

**कार्यशालाले निम्न बमोजिममा चारवटा मुख्य मोड्युलहरूलाई विषयवस्तुका रुपमा समेटेको थियोः**

1. ***नेपालको विकसित मिडिया परिदृश्यलाई मार्गदर्शनः परम्परागत र नयाँ मिडियामा गलत सूचना र भ्रामक सूचनालाई सम्बोधन।***
2. ***सत्यतथ्य जाँच र मिडिया साक्षरता मार्फत नेपालमा गलत सूचना र भ्रामक सूचना विरूद्ध लड्ने।***
3. ***पूर्वाग्रह तोड्नेः नेपालका सीमान्तकृत समुदायहरूमाथि लक्षित गलत-भ्रामक सूचनाबारे बुझ्ने र त्यसविरूद्ध लड्न।***
4. ***गलत सूचना र भ्रामक सूचना विरुद्ध लड्न कानूनी तथा नियामकीय अवधारणा।***

अन्तरक्रियात्मक सत्रका क्रममा सहभागीहरूले परम्परागत र नयाँ मिडिया मार्फत फैलाइने गलत-भ्रामक सूचना पहिचान र मूल्याङ्कन गर्ने उपायहरू बारे सिकाइ प्राप्त गरेका थिए। यसैगरी, गलत सूचनाको प्रभावकारी पहिचान र भण्डाफोर गर्नका लागि उनीहरूलाई सत्यतथ्य जाँच गर्ने प्रविधि र मिडिया साक्षरता सम्बन्धी सीप प्रदान गरिएको थियो। यसका अतिरिक्त कार्यशालाले सीमान्तकृत समुदायहरूलाई गलत-भ्रामक सूचनाले कसरी लक्षित गरिरहेको छ भन्ने बारेमा विस्तृत व्याख्या गर्दै त्यस्ता गतिविधि रोक्न अवलम्बन गर्न सकिने उपायहरूका सम्बन्धमा अन्वेषण गरेको थियो। छलफलले गलत-भ्रामक सूचनाको प्रसारका कारण गरेका नकारात्मक प्रभावका बारेमा उदाहरणहरू प्रस्तुत गर्दै नेपालका यस सम्बन्धी मामिला अध्ययन (केस स्टडी)हरूमाथि प्रकाश पार्यो। गलत सूचना विरुद्धको लडाईंमा सत्यतथ्य

जाँच र मिडिया साक्षरता अत्यावश्यक औजारका रूपमा दिँदै सहभागीहरूलाई नेपाली मिडिया परिदृश्यभित्रका उत्कृष्ट अभ्यासहरूबारे समेत अवगत गराइएको थियो।

कार्यशालामा छलफल गरिएका महत्वपूर्ण सिद्धान्तहरूमध्ये "स्पाइरल अफ साइलेन्स" एक रहेको थियो। यस सिद्धान्तले अल्पसंख्यक मानिसहरू आफू एक्लिने वा सामाजिक बहिष्करणको शिकार हुने डरले गलत-भ्रामक सूचनाको प्रसार भएपनि त्यसप्रति मौन बस्ने प्रवृत्तिलाई प्रकाश पार्छ। सहभागीहरूले मिडिया परिस्थितिकी वातावरण (इकोसिस्टम)को सुदृढीकरणका लागि सम्बोधन गर्न आवश्यक रहेका कमी कमजोरीको पहिचान गर्दै गलत-भ्रामक सूचना विरुद्ध लड्न कानुनी एवं नियामकीय अवधारणाहरूका बारेमा बुझाइ प्राप्त गरे।

छलफल सत्रमा आफ्नो मन्तव्य राख्दै मुख्य प्रशिक्षक तथा मोड्युल सामग्री निर्माता राजन पोखरेलले परम्परागत सञ्चार माध्यमको भूमिकामाथि प्रकाश पार्दै त्यसमा रहेका रिक्ततालाई सम्बोधन गर्न नयाँ प्रविधिहरू अपनाउनुपर्नेमा जोड दिनुभयो। साथै, उहाँले यसका लागि तयार पारिएको पाठ्यक्रमले विकसित मिडिया परिदृश्यलाई प्रभावकारी रूपमा बुझ्न र नेपालमा गलत-भ्रामक सूचना विरुद्ध लड्न मानिसहरूलाई सक्षम बनाउने विश्वास व्यक्त गर्नुभयो।

युथ इन्नोभेसन ल्याबका कार्यकारी निर्देशक प्रदीप खतिवडाले मानिसहरूलाई सशक्तीकरण गर्न र शिक्षित बनाउन "शिक्षा डट ओआरजी" shikshya.org प्लेटफर्मको महत्वमाथि प्रकाश पार्नुभयो। उहाँले सुसूचित, शिक्षित र सशक्त समाज निर्माणका गर्न यस पाठ्यक्रमले सञ्चार अनुरागी, सर्वसाधारण र विद्यार्थीहरूका लागि एउटा महत्वपूर्ण सिकाइ स्रोतको भूमिका खेल्ने बताउनुभयो।

विराटनगरमा सम्पन्न यो प्रदेश स्तरीय कार्यशाला नेपालभर गलत-भ्रामक सूचना विरुद्ध लड्नका लागि थालिएको एक वृहत् पहलको पहिलो चरण हो। कार्यक्रमले यस्तै प्रकृतिका कार्यशाला देशका सातै प्रदेशमा सञ्चालन गरी गलत-भ्रामक सूचनालाई प्रभावकारी रूपमा सम्बोधन गर्न आवश्यक ज्ञान र सीपले सुसज्जित १४० जना प्रशिक्षित प्रशिक्षकहरूको एउटा समूह (पूल) निर्माण गर्ने लक्ष्य लिएको छ।

**"गलत-भ्रामक सूचना सम्बन्धी बुझाइ र यस विरुद्धको लडाईं" परियोजनाको बारेमा**

युथ इन्नोभेसन ल्याबद्वारा नेपालस्थित अमेरिकी दूतावासको वित्तीय सहयोगमा सञ्चालित "गलत-भ्रामक सूचना सम्बन्धी बुझाइ र यस विरुद्धको लडाईं" परियोजनाले युवा पत्रकार, सूचना सामग्री निर्माता, अभियान्ता र युवा नेताहरूलाई देशभर प्रशिक्षण प्रदान गरी गलत र भ्रामक सूचना विरुद्ध लड्ने योद्धाहरूको परिस्थितिकी वातावरण (इकोसिस्टम) सिर्जना गर्ने लक्ष्य लिएको छ। तसर्थ, सो पहलका लागि यस परियोजना मार्फत प्रयोगकर्तामैत्री र प्रभावकारी ई—लर्निङ (अनलाइन सिकाइ) प्लेटफर्म निर्माण गर्ने परिकल्पना गरिएको छ। यस पहलले पत्रकार र स्वतन्त्र सूचना सामग्री निर्माताहरूलाई सान्दर्भिक र स्रोत साधनयुक्त बनाउनका लागि मोड्युलहरू तयार गर्ने कार्यमा उनीहरूलाई संलग्न गराउँछ। "शिक्षा डट ओआरजी" shikshya.org प्लेटफर्मका बारेमा थप जानकारीका लागि http://shikshya.org मा जानुहोस्।

## युथ इन्नोभेसन ल्याबको बारेमा

युथ इन्नोभेसन ल्याब नाफा वितरण नगर्ने एक सिभिक—टेक कम्पनी हो जसले युवाहरूलाई अन्वेषण, सिर्जना र नवप्रवर्तनका लागि सशक्तीकरण गर्दछ । साथै, यसले युवा र युवा व्यवसायीहरूले विभिन्न क्षेत्रमा सहकार्य, प्रयोगात्मक कार्य र मौलिक विचारहरू विकास गर्न सक्ने एउटा सहयोगी वातावरण निर्माणमा टेवा पु¥याउँछ । नवप्रवर्तन र अत्याधुनिक स्रोतहरू मार्फत विज्ञानलाई आमजनता र नीतिगत तहसम्म पु¥याई युथ इन्नोभेसन ल्याबले सबैका लागि उज्यालो भविष्यको मार्ग कोर्न समस्या समाधान र परिवर्तनका संवाहकका रुपमा रहेको अर्को पुस्तालाई सशक्त बनाउँछ ।

**सम्पर्क विवरणः**

युथ इन्नोभेसन ल्याब

वंशीधर मार्ग, काठमाडौ, नेपाल

फोनः +९७७-९८५११११५९१९

इमेलः info@youthinnovationlab.org

**तत्काल सम्पर्कको लागिः**

अरुणा जोशी, प्रोग्राम एसोशियट (सञ्चार)

फोनः +९७७-९८४१०८६०००

इमेलः aruna.joshi@youthinnovationlab.org

*************************समाप्त*****************************************